bhanjyangnews.com
वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
# भञ्ज्याङ
राष्ट्रिय दैनिक
BHANJYANG NATIONAL DAILY

**प्रसन थापा मेडिकल हल सरेको सूचना**

तनहुँको व्यास नगरपालिका-२ गणेशमानचोकमा सञ्चालन हुँदै आएको **प्रसन थापा मेडिकल हल** यही श्रावण १ गतेदेखि मेनरोडको शहीद गेट स्थित ***मिनराज कम्प्लेक्स भवनको दोश्रो तला***मा सरेको सबैमा जानकारी गराइन्छ ।

**हाम्रा उपलब्ध सेवाहरू**

फार्मेसी सेवा, प्रसुती तथा स्त्रीरोग, छाला तथा यौनरोग, हार्डजोर्नी तथा नशारोग, बालरोग, पेट, मुटु, छाती रोग, फोक्सो, मृगौला, कलेजो लगायतका रोग सम्बन्धी सम्पूर्ण औषधी तथा आवश्यक परामर्शका सेवाहरू उपलब्ध छन् ।

**प्रसन थापा मेडिकल हल** (मिनराज कम्प्लेक्स भवनको दोश्रो तला)

**व्यास-२, मेनरोड, दमौली, तनहुँ । फोन : ९८६७११८०२९, ९८२६१५४०७४**

वर्ष ४० अंक ८७ | २०७८ साउन ०७ गते विहीबार, नेपाल सम्वत् ११४१ July 22, 2021 | पृष्ठ ४ | मूल्य : रू. ५/-

## पृथ्वीराजमार्गको दुलेगौंडा-कोत्रे खण्डको दयनीय अवस्था

# सडकमा बग्ने पानीको व्यवस्थापन गर्न नसक्दा सडकमा खाल्टैखाल्टा, यात्रुले सास्ति झेल्दै

**राजकुमार आले**/दुलेगौंडा

केही बर्षदेखि एउटै नियति भोग्दै आएको पृथ्वीराजमार्ग अन्तरगत तनहुँको कोत्रे-दुलेगौंडा खण्ड अस्तव्यस्त छ। बर्षाको पानीले राजमार्गको करिब ४ किलोमिटर दुरीमा तीनसय बढी खाल्डाखुल्टी परेका छन् भने दैनिक दुर्घट्नाको जोखिम बढेको छ । यो सडक खण्डमा यात्रा गर्न निकै नै जोखिमपूर्ण बन्दै गएको छ । शुक्लागण्डकी-७ की सुनिता गुरूङ पोखराबाट खैरेनीटार फिर्किंदै थिइन्। देशको मुख्य राजमार्गको यो हालत देख्दा तीन छक्क परिन् । हलेदीको खाल्डाखुल्टीमा कहाँबाट स्कुटर लैजाने भनेर केही बेर अलमलमा परिन् । दोहोरो गाडीको आवतजावत अलि कम भएपछि दुई खुट्टाले टेक्दै अगाडी बढेकी सुनिताले ज्यानको बाजी राखेर यात्रा गर्नु परेको दुखेसो पोखिन्।

'बाटो यस्तो छ, दुबै साइडबाट गाडी आएको बेलामा त मन हक्कानिन्छ, दुर्घटनामा परि ज्यानै जाने अवस्था छ । यो बाटो हेर्ने कल्ले हो? त्यो त हामीलाई थाहा छैन, उहाँहरूले देख्नु त भएको छ होला ? कि देखेर पनि नदेखेको जस्तो गर्नु भएको हो कि ?', उनले भनिन्, 'बाटोको अवस्था देख्दा नेपालमा जे गरे नि चल्छ भनेर बस्नु भएको हो की ? हामी सर्वसाधरण जनतालाई त, गाह्रो छ नि । त्यहि भएर ठुला नेता र हाकिमहरूले आफ्नो परिवार जस्तो, जनता पनि त्यस्तै हो भनेर सोचिदिनुपऱ्यो ।'

त्यस्तै, यहि मार्ग हुँदै दैनिक मुग्लिन-पोखरा आवात जावत गर्ने मिनिबस चालक सोमबहादुर रसाईलीले दुलेगौंडादेखि कोत्रेसम्मको बाटो निकै कष्टपूर्ण रहेको बताए । खाल्डाखुल्टीले गर्दा गाडीका इन्जिन बेला बेलामा बिग्री रहन्छन् । उनले भने, 'सडक मर्मतका लागि सम्बन्धित निकायलाई ध्यान दिनुपर्छ । यो बाटो खास कहिले बन्ने हो ? के बाटो सधै यस्तो नै हुने हो र ? सम्बन्धित निकायले चाँडै मर्मत गरिदिनुपऱ्यो ।'

कोत्रेका राजु नेपाली कामको लागि दैनिक यही सडकमा ओहोरदोहोर गर्छन् । हिड्नै पर्ने बाध्यताले जोखिमयुक्त यात्रा गर्नुपरेको उनको भनाई छ । उनले भने 'बाटोको स्थिति निकै दर्दनाक छ, केही समय अगाडी बाटोमा टालटुल गर्ने कार्य भएको थियो, फेरि अहिले उहि अवस्थामा पुगेको छ । बाटोको गुणस्तरीयता नाप्ने इन्जिनियरले कसरी पास गरेको छ? कस्तो इन्जिनरले पास गरेको हो? हरेक बर्ष यो दयनीय अवस्था हुँदापनि सम्बन्धित निकाय मुकदर्शक मात्र बनेका छन् ।'

सागर थापा हलेदीका स्थायी बासिन्दा हुन् । यो सडक खण्डमा हुने प्राय:घट्ना दुर्घटनाको प्रत्यक्षदर्शी समेत हुन् । बर्षेनी बजेट हाल्दै काम भएपनि बर्षदिन नपुग्दै उहि अवस्था आउँदा उनी वाक्कदिक्क छन्। सागर भन्छन्, 'यो अवस्था आएको तीन चार महिना भयो। आँखै अगाडी यहाँ दैनिक ४/५ वटा साना सवारी साधान दुर्घटनामा पर्छन । सडकको कारण हुने दुर्घट्नाको जिम्मा कस्ले लिने हो ?' राजमार्ग छेउ घर भएका थापा पानीपर्दा हिलो र घाम लाग्दा धुलोबाट पीडित छन् । शुक्लागण्डकी नगरिक समाजका अध्यक्ष खेमराज खनालले दुलेगौडादेखि कोत्रेसम्मको राजमार्गको सडक खण्ड बर्षैपिच्छे क्षतबिच्छेद हुने गरेको बताउछन् । यस क्षेत्रमा धेरै क्रसर उद्योगहरू पनि रहेका र ठूला सवारी साधन चल्ने भएकाले सडक चाडै बिग्रने गरेको उनि बताउँछन् ।



पृथ्वीराजमार्ग अन्तर्गत शुक्लागण्डकी-२ हलेदीमा खाल्डाखुल्डी र पानी जमेको ठाउँमा फसेको एम्बुलेन्स । वर्षेनी यस्तै समस्या रहेको यस ठाउँको समस्या समाधानका लागि सरोकारवालाको ध्यान पुगेको छैन । *तस्विर : भञ्ज्याङ*

जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्लेले कोत्रे दुलेगौँडा खण्ड अत्यन्तै नाजुक रहेको आफुले जानकारी पाएको बताए । सडकको मर्मत सम्भारका लागि आफुले सडक डिभिजन कार्यालयका प्रमुखसंग छलफल गरी तत्काल मर्मत कार्य अगाडी

*बाँकी अन्तिम पेजमा*



**बिपी स्मृतिमा वृक्षरोपण :** ३९औं बिपी स्मृतिमा व्यास नगरपालिका-११, निर्बु सामुदायिक भवन परिसरमा वृक्षरोपण गर्दै नगरप्रमुख बैकुण्ठ न्यौपाने । बिपी स्मृति दिवसका अवसरमा जिल्लाका विभिन्न स्थानमा वृक्षरोपण गरिए उनको योग्दानको स्मरण गरिएको छ । *तस्विर : भञ्ज्याङ*

# एमाले एकताको लागि माधवलाई दोस्रो अध्यक्ष बनाउन ओली तयार

**भञ्ज्याङ समाचारदाता**/काठमाडौं

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पार्टीका वरिष्ठ नेता माधव कुमार नेपाललाई दोस्रो अध्यक्ष बनाउन आफू तयार रहेको घोषणा गरेका छन् । पार्टीको केन्द्रीय कमिटी बैठकमा बोल्दै उनले पार्टी एकताका लागि यस्तो प्रस्ताव गरेका हुन् । ओलीले बैठकमा भने, 'हामी एकताका लागि हदैसम्म लचिलो छौं । अन्तिमसम्म पनि एकताका लागि प्रयास जारी राख्छौं ।'

१० बुँदे सहमिति कार्यान्वयमा तेस्रो दिन जारी बैठकले विविध विषयमा चार वटा प्रस्ताव पारित गरको छ । ज्ञवालीका अनुसार सर्वोच्चको फैसलाले शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलनलाई खल्बल्याएको तथा दलीय प्रणाली खल्बल्याएकाले भन्दै यससँगका असहमतिहरू जनतामा पुऱ्याउने पहिलो प्रस्ताव छ ।

सर्वोच्चको फैसलाले पार्ने साइड इफेक्टलाई संवैधानिक माध्यमबाट समाधान गर्ने प्रयास गर्ने निर्णय भएको ज्ञवालीले बताए। सर्वोच्च अदालतले संविधानको




आफू प्रतिवद्ध रहेको उनले बताए। एकता भएमा सबै संरचनाहरू २०७५ साल जेठ २ गतेकै अवस्थाबाट क्रियाशील हुने उनको भनाइ थियो । उनले थपे, 'माधव नेपालले दोस्रो अध्यक्ष मागे। मिल्ने हो भने पार्टी एकता बचाउनका लागि दोस्रो अध्यक्ष दिन तयार छु। तर मैले यति भन्दा पनि एकताप्रति इच्छा देखाइएको छैन। अनेक बहाना खोजिएको छ ।' पार्टीबाट आफूहरूलाई निकाल्न केन्द्रीय कमिटीमा बहुमत खोजिएको भन्दै ओलीले त्यसो हुन नदिइने बताए। 'ढुक्क हुनुस् कामरेडहरू, त्यसो हुन दिइने छैन,' उनले भने ।

यस्तै, नेकपा एमालेको केन्द्रीय समितिको बैठकले सर्वोच्च अदालतले हालै गरेको फैसलाबारे आफ्नो विमति जनतासम्म पुर्याउने निर्णय गरेको छ । साथै, नेपालको संविधानको धारा ७६(५)लाई संसोधन गर्न पहल गर्ने समेत निर्णय भएको पार्टीका प्रवक्ता प्रदिप ज्ञवालीले जानकारी दिए । लगातार निर्दलीय व्याख्या गरेको भन्दै धारा ७६(५) लाई संसोधन गर्न पार्टीले प्रयत्न गर्ने निर्णय गरेको उनको भनाइ छ । दोस्रो प्रस्तावका रूपमा ओली नेतृत्वको सरकार अनेकन प्रतिकुलताका वावजुद ऐतिहासिक कामहरू गर्न सफल भएको ठहर गरिएको छ ।

तेस्रो प्रस्तावमा एमालेले प्रतिपक्षका रूपमा प्रभावकारी भूमिका खेल्ने तथा संविधान, राष्ट्रियता र लोकतन्त्रका विषयलाई अग्रपंतिमा रहेर उठाउने उल्लेख छ। चौंथो प्रस्ताव कार्यकर्ताहरूलाई विद्यमान परिस्थितिबाट निराश नहुन आह्वान गर्दै छिट्टै पार्टील कमब्याक गर्ने भनिएको छ ।

कमब्याकको अर्थ के हो भन्ने पत्रकारको प्रश्नमा ज्ञवालीले भने, 'यो भनेको फेरि चुनाव जितेर सरकारमा आउँछौं भनेको हो ।' बैठकमा पार्टी अध्यक्ष केपी शर्मा ओलीले पार्टी एकताका लागि अन्तिमसम्म प्रत्यत्न गर्ने बताएका थिए ।

# बन्धकी खेतमा सामूहिक खेती गर्दै विपन्न

**रासस**/दमौली

तनहुँको म्याग्दे गाउँपालिका स्थित एक सामुदायिक वनले बन्धकीमा खेत खरिद गरी विपन्न समुदायलाई सामूहिक खेतीमा आबद्ध गराएको छ। म्याग्दे-१ गुणादीस्थित बाराही सामुदायिक वन उपभोक्ता समूहले बन्धकीमा खेत खरिद गरेर विपन्न समुदायलाई सामूहिक खेतीमा आबद्ध गराएको हो। विपन्न वर्गका उपभोक्ताको जीविकोपार्जनमा सघाउन स्थानीय व्यक्तिको ३६ रोपनी बाँझो खेत बन्धकीमा खरिद गरी सामूहिक खेती गरिएको वन समूहका अध्यक्ष मुक्तिनाथ खनालले जानकारी दिनुभयो । उहाँका अनुसार रू आठ लाख २५ हजारमा खेत बन्धकीमा खरिद गरी २५ जनाले त्यस खेतमा तीन वर्षदेखि खेती गरिरहेका छन् । "सामुदायिक वनमा आबद्ध विपन्न सदस्यलाई जीविकोपार्जनमा सहयोग पुऱ्याउन यो कार्यक्रम सञ्चालन गरेका हौँ", उहाँले भन्नुभयो ।

उहाँका अनुसार यस खेतमा वर्षमा तीनपटक खेती गरिन्छ । वनका उपभोक्ताले यहाँ गहुँ, चैते र असारे धान रोप्दै आएका छन्। "चैते धान थन्क्याएर अब असारे धान रोप्न शुरू भएको छ", उहाँले भन्नुभयो, "यहाँ खेती गरेर एक जनाले वार्षिक करिब १० मुरी धान उत्पादन गर्ने गरेका छन् ।"



म्याग्दे-१ स्थित बाराही सामुदायिक वन उपभोक्ता समुहमा आवद्ध बिपन्न वर्गको जीविकोपार्जनका लागि खेत बन्धकीमा खरिद गरी सामुहिक खेती गर्दै । *तस्विर : भञ्ज्याङ*

सामुदायिक वनको कार्ययोजना अनुसार न्यून आय भएका उपभोक्तालाई सामूहिक खेतीका लागि छनोट गरिएको छ । दैनिक ज्याला गरेर गुजारा गर्ने उपभोक्ता यसका लागि छनोट हुन्छन् । "ज्यालादारी गरेर बिहान-बेलुका छाक टार्नेलाई केही सहयोग होस् भन्नका लागि सामूहिक खेती गर्नका लागि खेत उपलब्ध गराएका छौँ", उहाँले भन्नुभयो, "यहाँबाट उत्पादित धानले उनीहरूलाई चामल खरिद गर्नुपरेको छैन।" वन समूहमा आबद्ध विपन्न

*बाँकी अन्तिम पेजमा*

## सम्पादकीय ............

# दुई शिखर पुरूष विपी र पुष्पलाल

मुलुकको लोकतान्त्रिक आन्दोलनको इतिहासलाई स्मरण गर्दा वा फर्केर हेर्दा मुलुकका दुई शिखर पुरूष विपी कोइराला र पुष्पलाललाई सम्झनै पर्ने हुन्छ । यी दुई शिखर पुरूषहरूलाई अलग्याएर मुलुकको लोकतान्त्रिक आन्दोलनलाई अलग्याएर हेर्न र बुझ्न सकिदैन । संयोग विपी (१९७१-२०३९ श्रावण ६) पुष्पलाल (१९८१-२०३५ श्रावण ७) यी दुई शिखर पुरूषहरूले नेपालको निरंकुश राणातन्त्रको विरूद्ध संघर्षको संखभुषण मात्र गरेनन्, विपीले नेपाली कांग्रेस (२००३)मा स्थापना गरेर जीवन पर्यन्त नेपाली कांग्रेसको नेतृत्व र वैचारिक अगुवाई गर्दै आएका हुन। त्यसैगरि पुष्पलाल पनि नेपाली जनताको एक मात्र मुक्तिको संवाहक नेपाल कम्युनिष्ट पार्टी २००६ सालमा स्थापना गरेर विचार र संगठनको नेतृत्व जीवनभर गरेका हुन् । त्यस्तै विपीले आफ्नै नेतृत्वमा नेपाली कांग्रेसलाई २००७ सालको क्रान्तिको नेतृत्व गर्दै २०१५ सालको संसदीय आमनिर्वाचनमा पार्टीलाई दुई तिहाईको अग्रता दिलाउदै पहिलो जननिर्वाचित सरकारको प्रधानमन्त्री हुने अवसर उनलाई मिलेको थियो । दुर्भाग्य २००७ सालको क्रान्तिले प्राप्त गरेको उपलब्धिलाई सरकारमा रहेर भोग, रोग र असुविधाले पीडित नेपाली जनतालाई मुक्ति दिलाउने अवरोधको रूपमा राजतन्त्रले राजा महेन्द्रको नेतृत्वमा सैनिक दलको आधारमा २०१७ साल पुष १ गते संसद मात्र विघटन भएन, दल माथि नै प्रतिबन्ध लगाएर मुलुकमा राजनीतिको कालो बादल माडारिन सुरू भयो । त्यसपछि मुलुकका सबै राजनीतिक दलहरू प्रतिबन्धित भए । नेताहरू भुमिगत र भारत निर्वासनमा बस्नुपर्ने बाध्यता सिर्जना भयो । यस्तो राजनीतिक दलहरूमा प्रतिबन्ध लागेको र राजाको हुकुम शासनको विगविगीले मुलुक तहसनहस अवस्थामा पुग्यो ।

भारत प्रवास र भुमिगत अवस्थामा रहेका राजनीतिक दलका नेताहरूले संगठनलाई पुनःजिवीत पार्दै निरन्तर लोकतन्त्र पुनःस्थापनाको क्रममा अगाडी बढ्दै जाँदा नेकपाका संस्थापक महासचिव पुष्पलालको भारत प्रवासमा अचानक विरामी परि भारतको दिल्लीमा उपचारकै क्रममा २०३५ साल श्रावण ७ गते निधन भयो । यता मुलुकमा प्रतिबन्धित अवस्थामा रहेका कम्युनिष्ट पार्टीका कथित विचारको माहोल खडा गरेर नेतै पिच्छे अलगअलग विचार प्रवाह गर्दै पार्टी चिराचिरा र बुटबुटमा खडा हुने श्रृंखला पुष्पलाल जिवित छदैं सुरू भएको थियो । पुष्पलालको निधन पछि पनि त्यो क्रम रोकिएन । यता नेपाली कांग्रेसका नेता विपीले २०३३ सालमा देश खतरामा रहेको भन्दै प्रतिबन्धित अवस्थामा पनि स्वदेश फर्केर देशभित्र नयाँ तरंग सिर्जना गराउने काम भयो । राष्ट्रिय मेलमिलापको नाममा राजासंग नजिक हुन खोजे पनि राजा र राजाका वरिपरि रहेका भाइभारदार र निर्दलवादी पञ्चहरूले विपी र राजालाई नजिक हुन दिएनन् । यसरी राष्ट्रिय राजनीतिमा पञ्चायत विरूद्धको जनअसन्तुष्टि बाहिर प्रकट हुन बाटो खोजीरहेका बेला विपीको स्वदेश फिर्ती र उनीमाथि लगाइएका फासीको सजायसम्म हुने अदालतको मुद्दाले राष्ट्रिय राजनीति भित्रभित्रै तापिदै गएको थियो । नेकपाका संस्थापक नेता पुष्पलालको प्रवासमा भएको निधन पछि उनको अन्त्येष्टीको लागि स्वदेश ल्याउने कुरा त परै रहोस् खरानीसम्म ल्याउन रोक लगाउने काम भयो । गुप्त रूपमा काठमाडौं ल्याएर पशुपति आर्यघाटमा खरानी बिसर्जन गर्दा पुष्पलालको समर्थनमा उर्लिएको जनसमर्थनले राजा र पञ्चायत प्रतिको जनअसन्तुष्टि सहज रूपमा बुझ्न सकिन्थ्यो । यसै क्रममा काठमाडौमा २०३५/०३६ सालमा उठेको विद्यार्थीको विरोध जुलुस, त्यसपछिको जनसमर्थनले पञ्चायतलाई घुडा टेकाउदै जनमत संग्रहको घोषणा भएको हो । जनमत संग्रहलाई राष्ट्रिय ढुकुटी दुरूपयोग गरि निर्दलले जितेको घोषणा गरे पनि अन्तत एक दशक पनि टिक्न सकेन ।

२०४६ सालमा नेपाली कांग्रेसका नेता गणेशमान सिंहको प्रयासमा बामपंथिहरूसंगको संयुक्त संघर्षले २०४६ साल वैशाख २६ गतेबाट पञ्चायत समाप्त भयो । बहुदलीय व्यवस्था प्रारम्भ भए यता बिचको राजा ज्ञानेन्द्रको शाही शासनलाई सारेर कांग्रेसका कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, शेरबहादुर देउवा, सुशील कोइराला, नेपाल कम्युनिष्ट पार्टीका मनमोहन अधिकारी, माधव नेपाल, झलनाथ खनाल, पुष्पकमल दाहाल, बाबुराम भट्टराई, केपी शर्मा ओली र र वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवा समेत गर्दा १० जना जनताका छोरा निर्वाचित प्रधानमन्त्रि भए । मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र अन्तरगत समावेशी र समानुपातिक चरित्र बोकेको जनताका प्रतिनिधि संविधानद्वारा नयाँ संविधान जारी भएको पनि ८ वर्ष बित्दै छ । ५५३ वटा अधिकार सम्पन्न स्थानीय सरकार र ७ वटा प्रदेशमा प्रादेशिक सरकार केन्द्रमा संघीय सरकार समेत गरी ५६१ वटा जननिर्वाचित सरकार कार्यरत छन । सर्वसाधारण जनताको जीवनस्तर कति सुधार भयो र छोराछोरी पाल्न र एकसरो आङ् ढाक्न लाखौलाख बेरोजगार युवायुवती विदेशमा पसिना बगाउन पर्ने नियती अहिले पनि कायम नै छ । कोभिड-१९ कोरोना भाइरसको महामारीले देश थप थला परेको छ । २०४६ साल यता यो ३१ वर्षको अवधिमा उनै विपी र पुष्पलालले स्थापना गरेका कांग्रेस र कम्युनिष्ट पार्टी आलोपालो सरकार रहदै आएका छन् । अझ यीनै दुई पार्टीहरू आफैभित्रको घर झगडामा फसेर नेपालीको प्रजातान्त्रिक समाजमा र नेकपाको समाजवाद उन्मुख बाटो दस्तावेजमा सिमित हुँदै गएको छ । साथसाथै यस वर्षको विपी स्मृति र पुष्पलाल स्मृति मनाइरहदा हामीले विगततिर फर्केर अगाडी बढ्ने बाटो तय गर्न सकिएला ? प्रश्न अनोत्तरित छ ।

### तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : | ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति | - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स | - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय | -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी | - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली | - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स | ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी | - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- | ५६०१७६ |
| दमौली अस्पताल, दमौली | - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) | - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, | - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद | ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल | - ५६१८११ | टिकट काउण्टर (माइक्रो), | ५६०९०६ |
| एपोलो एम्बुलेन्स | ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ | - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे | - ५८०००७ | नेकपा तनहुँ | - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. | ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली | - ५६००९६ |
| व्यास नगर हस्पिटल : | ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- | ५७०२४० |

# चोलेन्द्र शमसेरबाट माधव नेपालले चाहेको अर्को एउटा आदेश

## जेठ २ मा अदालतले सर्लक्कै फर्कायो भने एमालेमा कस्तो हुन्छ गणित ?

**मात्रिका पौडेल**

माधव नेपाल एमालेको महासचिव भएको बेला उनलाई व्यंग्य गर्नुपर्दा एउटा भनाइ चर्चित थियो- 'हाम्रो पार्टी नेकपा एमाले न त सरकारमा जान हतारिएको छ, न त ढिला गर्ने पक्षमै छ ।' माधव नेपालले कुनै सन्दर्भमा बोलेको यो भनाइ हाँसोका रूपमा बेला-बेला सम्झने गरिन्छ । अहिले पनि माधव नेपाल ठीक त्यही अवस्थामा छन्। उनी एमाले फुटाउन हतारिएका छैनन् तर ढिलाइ गर्ने अवस्थामा पनि छैनन् । यसबीचमा प्रधानमन्त्री शेरबहादुर देउवा र सत्तारूढ गठबन्धनका नेता प्रचण्डले भेटेरै सरकारमा सहभागी हुन र त्यसका लागि आवश्यक परे राजनीतिक दल विभाजनसम्बन्धी अध्यादेश ल्याइदिन तयार रहेको बताएका छन्। संसद अन्त्य गरेर अध्यादेश ल्याउने चर्चा पनि अहिले चलिरहेको छ ।

**प्रचण्डको संकेत, माधवको सन्देश**

पछिल्ला केही महिनायता माधव नेपालको सबैभन्दा भरपर्दो मित्र कोही छ भने प्रचण्ड



नै हुन् । दुई नेताबीच नियमित भेटघाट र छलफल चलिरहेका छन् । माधव नेपाललाई बुझेका प्रचण्डले बारम्बार भन्ने गरेको एउटा कुरा महत्वपूर्ण छ । उनले भन्ने गरेका छन्- 'मलाई विश्वास छ माधवजीले सिंगै एमालेको नेतृत्व गर्नुहुन्छ र हामी फेरी पार्टी एकता गर्छौं ।' प्रचण्डले त्यसअघि सके माधव नेपाल पक्षले एमाले कब्जा गर्ने, नसके विद्रोह गरेर आउने बताएका थिए । तर, पछिल्लो समय चाहिँ प्रचण्डले सिंगै एमालेको नेतृत्व माधव नेपालले गर्न सक्ने बताउनु र माधव नेपालले दल विभाजनमा हतारो नदेखाउनु बीचको सम्बन्ध के हो ? यो कुरा पहिले बुझ्नुपर्छ । माधव नेपाल पक्षका २२ जना सांसदको मंगलबारको बैठकमा केन्द्रीय कमिटीमै ओली विरूद्ध बहुमत जुटाउने कुरा उठ्यो । वार्ता कार्यदलले १० बुँदे सहमतिमा समेत २०७५ जेठ ३ गते नेकपा एकीकरणअघि एमालेमा थपिएका ३८ र नेकपा विभाजनपछि एमालेमा समावेश भएका २३ जनासहितको २६४ सदस्यीय केन्द्रीय कमिटी स्वीकार गरेको छ । त्यसमा १० प्रतिशतसम्म मनोनीत गरेर माधव नेपाल पक्षलाई सबै संख्या दियो भने पनि बहुमत पुग्दैन। उनले कार्यदलका नेताहरूसँग ओलीले बहुमत बनाएको कमिटीमा नजाने र निर्णय नमान्ने बताइसकेका छन् । त्यसो भए माधव नेपालले अझै एमालेमा बहुमत कहाँ देखेका छन् त ?

**१० बुँदे माधवले अश्वीकार गर्नुको अर्थ**

खासमा माधव नेपालले १० बुँदे सहमति नमान्नुको कारण नै यहिँ छ । नेपाल २०७५ जेठ २ गतेसम्म कायम रहेको केन्द्रीय कमिटी चाहन्छन् । जुन कमिटीमा नेपालले आफूलाई 'कम्फरटेबल' ठानेका छन् र त्यसमा दुई-चार जना मान्छे तलमाथि पारे आफू बहुमतमा पुग्न सक्ने आँकलन गरेका छन् । राजनीतिक रूपमा आफूले विश्वास गरेर पठाएका कार्यदलका सदस्यहरूबाट समेत जेठ २ को कमिटी जस्ताको त्यस्तै ब्युँताउने निर्णय नभएपछि नेपालले त्यसलाई नमानेका हुन् । उनी जेठ २ को २०१ सदस्यीय केन्द्रीय कमिटी र निर्वाचन आयोग लगायत ठाउँमा पठाइने निर्णयमा ओली र आफ्नो हस्ताक्षर अनिवार्य हुनुपर्ने अधिकार चाहन्छन् ।

कार्यदलबाट समेत पार नलागेपछि अब माधव नेपालको लडाइँ राजनीतिक भन्दा पनि एकपटक पुनः अदालततिर मोडिने सम्भावना छ । ओलीले शेरबहादुर देउवालाई विश्वासको मत दिएवापत स्पष्टीकरण सोधेर कारवाही थाले भने नेपाल एकैपटक ओलीविरूद्ध अवहेलना मुद्दा र जेठ २ को कमिटी ब्युँताउने आदेश माग्दै सर्वोच्च अदालत जानेछन् । जेठ २ को कमिटी मागेर नेपाल अदालतमा नयाँ रिट लिएर नगए पनि हुने सुझाव निकट कानूनविद्हरूले दिएका छन्। किनकी यसअघि नै माधव नेपालसहित चारजना नेताले गत वैशाखमा आफूहरूमाथिको कारवाही रोक्न माग गदै रिट दायर गरेका थिए । जुन रिटमै ओलीले बनाएको कमिटी अवैध भन्ने दावी गरिएको छ ।

त्यसबेला सर्वोच्च अदालतले अन्तरिम आदेश नदिए पनि मुद्दा अदालतमा विचाराधीन छ । त्यही मुद्दामा सर्वोच्चले जेठ २ मा जस्ताको त्यस्तै जाऊ भनेर आदेश दिए हुन्थ्यो भन्ने माधव नेपालको चाहना छ । उनको यो चाहना प्रधानन्यायाधीश चोलेन्द्र शमसेर जबराको कानसम्म पुगिसकेको छ । पछिल्लो समय लगातार केपी ओलीलाई धक्का दिँदै आएको अदालतले माधव नेपालको माग अनुसार अर्को एउटा आदेश दिन्छ कि भन्ने अपेक्षा पनि होला । आखिर सर्वोच्च अदालत पछिल्लो समय राजनीतिक मुद्दामा 'इन्जोय' गरिरहेको छ । फागुन २३ कै निरन्तरतामा अर्को एउटा चमत्कारिक आदेश पाउने अपेक्षा माधव नेपालको हुन सक्छ ।

**चोलेन्द्रका २ सुझाव : जुन माधवले पूरा गरेनन्**

जेठ २ मा सर्लक्कै फर्किन अदालतले आदेश दियो भने एमालेको समीकरण के हुन्छ ? यसबारेमा चर्चा गर्नु भन्दा पहिले प्रधानन्यायाधीश र माधव नेपालसँग जोडिएका दुई किस्साबारे उल्लेख गर्नु उपयुक्त हुन्छ । राजनीतिक र न्याय क्षेत्रका हस्तीहरूबीच बेला-बेला चर्चा हुने गरेको प्रसंग हो- प्रधानन्यायाधीश राणाले माधव नेपाललाई तत्कालीन नेकपाको तेस्रो अध्यक्ष खान सुझाव दिएको तर नेपालले नमानेको कुरा । अघिल्लो वर्ष यतिबेला नेकपा विवाद क्लाइमेक्समा पुगेका बेला प्रधानन्यायाधीशले आफूनिकट सूत्रमार्फत माधव नेपाललाई केपी ओली र प्रचण्डपछिको तेस्रो अध्यक्ष बन्न सुझाव दिएका थिए । ओलीले माधव नेपाललाई गरेको सो प्रस्ताव राणालाई उपयुक्त लागेको थियो ।

त्यसो हुँदा मुलुकमा स्थायित्व हुने र माधव नेपालको पनि सम्मान हुने राणाको आफ्नै न्यायिक जिम्मेवारी बाहिरको तर सबैको हित हुने अतिरिक्त चासो थियो होला। तर, ओलीको अर्ली महाधिवेशन र तेस्रो अध्यक्ष अश्वीकार गरेका नेपालले राणाको सुझाव पनि बेवास्ता गरे । त्यसपछिका घटनाक्रम संसद विघटन र नेकपा विभाजनसम्म पुगे । प्रतिनिधिसभा पुनःस्थापना पछि पनि प्रधानन्यायाधीश राणाले माधव नेपाललाई नेकपा संसदीय दलको नेता बनुन् भन्ने शुभेच्छा राखेका थिए । नेपालले पनि सूत्रमार्फत आफू दलको नेता बन्ने कुरा राणासम्म पुऱ्याएका थिए । हुन त प्रतिनिधिसभा विघटन भएलगत्तै तत्कालीन नेकपाको प्रचण्ड-माधव समूहले दलको नेता प्रचण्डलाई चयन गरेको थियो। तर, फागुन ११ गतेको सर्वोच्च अदालतको फैसलाले पुस ५ गते प्रतिनिधिसभा विघटनपछिका सबै निर्णय बदर गरेपछि प्रचण्ड दलको नेता बन्ने निर्णयको वैधानिकता रहेन ।

वैधानिकरूपमा ओली नै दलको नेता थिए । तर, पार्टी अलग-अलग अभ्यासमा थिए र प्रचण्ड-माधव समूहले ओलीलाई साधारण सदस्यबाट समेत निष्कासन गरेको थियो । संसदीय दलको चुनाव भएर दलको नेता चयन गर्ने अवस्था रहेन र त्यसबेला बहुमत ओली पक्षमा थियो कि प्रचण्ड माधव पक्षमा भन्ने परीक्षण हुन पाएन । तर, माधव नेपाल दलको नेता बन्दा नेकपा जोगिन सक्ने र ओली तथा प्रचण्ड अध्यक्ष कायमै हुनेसम्मको अवस्था आउन सक्थ्यो । माधव नेपालले दोस्रोपटक पनि प्रधानन्यायाधीशलाई झुक्याउने खालको घटना भयो फागुन २१ गते । नेपालले आफू दलको नेता बन्छु भनेका थिए पूरा गर्न सकेनन् ।

प्रचण्ड-माधवपक्षीय संसदीय दलको बैठकमा माधव नेपाल नै प्रस्तावक भएर प्रचण्ड नेकपा संसदीय दलको नेता बने । तर, संसद सचिवालयले त्यसलाई मान्यता दिएको थिएन । किनकी संसदीय दलका सबै सांसद निर्वाचन प्रक्रियामा सहभागी थिएनन् र कसको बहुमत भन्ने खुलेको थिएन । फागुन २३ गते प्रचण्ड-माधवसहितका नेताहरु प्रचण्डलाई दलको नेता स्वीकार गर्न र केपी ओलीमाथिको कारवाहीलाई मान्यता दिन जुलुसै लिएर संसद सचिवालयका महासचिव डा. भरतराज गौतमसमक्ष गए । त्यहाँ पत्र दर्ता गर्ने गलफत्ति केहीबेर चल्यो

बाँकी तेश्रो पेजमा

## तपाईको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
अध्ययनमा प्रगति हुनेछ। मिहिनेतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउन सक्छ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
काम प्रभावकारी काम नहुन सक्छ। मिहिनेत गर्दा नियमित काम सम्पादन हुनेछन् ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
व्यापारमा राम्रै लाभ हुनेछ । साँझतिर उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
मिहिनेतले आम्दानी बढाउनेछ। श्रमको उचित मूल्यांकन होला।आयआर्जनका स्रोत बढ्नेछन्

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
रमाइलो यात्रा र मनोरञ्जनको आनन्द लिने समय छ । प्रेम र मित्रताको बन्धन कसिनेछ ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
हतारमा निर्णय लिँदा काम बिग्रन सक्छ । तत्कालको फाइदा हेर्दा पछिलाई समस्या पर्नेछ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। पहिलेको सफलताले थप हौसला जगाउनेछ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
काम गरेर दाम कमाउने अवसर प्राप्त हुनेछ । साँझतिर व्यवसायमा फाइदा हुनेछ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
पहिलेको सफलताले हौसला जगाउनेछ भने पछिका लागि विशेष काममा जग बसाउने मौका छ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । मिहिनेतले नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
विदेश भ्रमणका लागि प्रयत्न गर्ने समय छ । परिस्थितिवश सामान्य काममा बढी अलमल हुनेछ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
आम्दानी थोरै भए पनि आवश्यकता पूरा हुनेछन् । शुभचिन्तकहरूले साथ दिनेछन् ।

# चोलेन्द्र शमसेरबाट माधव ...........

र अन्ततः सचिवालयले प्रचण्डको पत्र दर्ता गर्‍यो ।

प्रचण्ड नेकपा संसदीय दलको नेता चयन भएको पत्र दर्ता गरेर काठघरबाट बाहिरिँदै गर्दा सर्वोच्चको फैसला आयो–नेकपाको वैधानिकता ऋषि कट्टेलले पाए । १५ दिनभित्र नयाँ नाम लिएर ओली र प्रचण्ड नगए एमाले र माओवादी नेकपा एकतापूर्वको अवस्थामा फर्किने । त्यसपछि राजनीति अर्को दिशामा गयो। सायद माधव नेपाल नेकपा संसदीय दलको नेता बनेका भए फागुन २३ को फैसला अर्कै ढंगले पनि आउँथ्यो कि ? मान्छेका अनुमान हुन् । तर, नेपालले आफू दलको नेता बन्ने चाहना राखे पनि प्रचण्डसमक्ष त्यो भन्न सकेनन् कि ? वा आफूनिकट कसैलाई यो कुरा उठाउन लगाउन उनले अप्ठेरो माने कि ? तर आधिकारिक ठाउँमा यो विषयले चर्चा भने पाएको छ ।

**माधवको निर्णायक आशा**

के माधव नेपालले अब अन्तिमपटक चोलेन्द्रबाट आफूलाई पायक पर्ने आदेशको अपेक्षा गरेका छन् ? अवश्य पनि यो प्रश्नमा नेकपा एमालेको अहिलेको सकस जोडिएको छ । आफूले भर गरेका दोस्रो तहका नेता सिंगो एमाले मिलाउन कम्प्रमाइजमा गएको बेला नेपालले उनीहरूको कुरा पनि नसुन्नुको कारण कतै यो प्रश्नभित्र खोज्ने पो हो कि? स्रोतका अनुसार नेपालले जेठ २ मा फर्काउने बाध्यकारी आदेश अदालतले दिएको खण्डमा केन्द्रीय कमिटीमा आफूले बहुमत जुटाउन सक्ने सन्देश पठाएका छन् । कुनै नयाँ रिट गयो वा यसअघि अन्तरिम आदेश नभइ विचाराधीन रहेको मुद्दालाई नै सुनुवाइमा लगियो भने कस्तो आदेश आउला? सम्भवतः माधव नेपाल 'हतार पनि नगर्ने र ढिलाइ गर्ने पक्षमा पनि नरहने' कारण यहाँ अडिएको छ ।

यदि माधव नेपालले चाहेको जस्तो आदेश अदालतबाट आयो भने केपी ओलीविरूद्ध उनको बहुमत पुग्छ त ? २०७५ जेठ २ गतेसम्म कायम रहेको केन्द्रीय कमिटीमा अदालतले पठाइदियो भने उनको बहुमत नपुगे पनि अहिलेको २६४ सदस्यीय कमिटीभन्दा कम्फरटेबल हुन्छ । जसरी ओली पक्षका ८ जना सांसद आफूतिर आएपछि नेपाल उत्साहित भएका छन्, त्यो पुरानो कमिटीमा फर्किँदा दुई–चारजनालाई आफूतिर तानेर बहुमत पुर्‍याउन सक्ने आँकलन पनि उनको हुनसक्छ । एमालेले माओवादीसँग एकीकरण गर्नुअघि २०१ जनाको कमिटी थियो जसमा ४० जना थपेर नेकपामा पुग्दा २४१ जना एमालेका थिए ।

**जेठ २ मा पनि ओलीकै बहुमत**

२०१ को कमिटीमा रहेका पशुपति चौलागाई, रविन्द्र अधिकारी, योगनारायण यादव, दिनेशचन्द्र यादवको निधन भइसकेको छ । २०१ मध्ये चारजना पदेन सदस्य भएकाले उनीहरु बहुमत र अल्पमत हुँदा मतदान गर्न पाउँदैनन् । त्यस्तै एमालेको विधान अनुसार वैकल्पिक केन्द्रीय सदस्यलाई पनि मतदानको अधिकार हुन्न । त्यो अवस्थामा पूर्णकेन्द्रीय कमिटीका १४१ मध्ये तीनजनाको निधन भएको र सीता पौडल तथा धर्मनाथ यादव प्रदेश प्रमुख भएकाले उनीहरूको संख्या घट्छ। त्यस्तै महेन्द्रबहादुर पाण्डे र डा. वंशीधर मिश्र राजदूत छन् । जेठ २ को केन्द्रीय कमिटीमा सानु श्रेष्ठ पनि थिए । तर, अहिले उनी वागमती प्रदेशको सभामुख छन् । अग्नि खरेल महान्यायाधिवक्ता भएका बेला केन्द्रीय कमिटीबाट राजीनामा दिएका थिए । जेठ २ का बेला शिवमाया तुम्बाहाङफे पनि उपसभामुख थिइन् । उनको र खरेलको केन्द्रीय सदस्य पद स्थगनमात्र भएकाले पदबाट बाहिरिएसँगै स्वतः बहाल हुने तर्क पनि छ । जेठ २ मा फर्किँदा उनी स्वतः पुनर्वहाली हुन्छन् वा कमिटीले निर्णय गरेर मनोनीत गर्छ भन्ने विधि एमालेले सहमतिमा तय गर्नुपर्ने हुन्छ । जे होस् १४० बाट पदेन ४ जना र थप ७ जना घट्दा जेठ २ को एमाले पूर्ण केन्द्रीय सदस्यको संख्या १२९ हुन आउँछ ।

निर्वाचन आयोगमा जेठ २ सम्म कायम रहेको अभिलेखमा को को छन् भन्ने हेर्न बाँकी छ । तर, जेठ २ मा नेकपा एकीकरणका लागि ४० जना थप्नुअघिको केन्द्रीय कमिटीको आधिकारिक सूची हेर्दा १२८ मध्ये केपी ओली पक्षमा ६६ जना पूर्ण केन्द्रीय सदस्य देखिन्छन् । खरेल र तुम्बाहाङ्फे थपिंदा ६८ हुन्छ । त्यस्तै प्रदेश प्रमुख भएका सीता पौडेल र धर्मनाथ यादवले पनि एमालेबाट राजीनामा दिएको खबर अहिलेसम्म आएको छैन र उनीहरूको नाम निर्वाचन आयोगमा यथावत छ । उनीहरूसहित ओलीको ७० संख्या थियो । प्रदीप नेपाल अहिलेसम्म दुवै पक्षका बैठकमा गएका छैनन् । त्यस्तै वामदेव गौतम पनि आफ्नै गुट थेगेर बसेका छन् तर उनीसँग केन्द्रीय सदस्य हरि पराजुलीमात्र बाँकी छन्। जेठ २ मा फर्किँदाको अवस्थामा माधव नेपाल पक्षमा ५९ जना केन्द्रीय सदस्य हुन्छन् । यही कारण उनी जेठ २ सर्लक्कै फर्काउने राजनीतिक प्रयास असफल भएपछि अदालती प्रयासमा लागेका हुन् ।

राजनीति भनेको अदालतको फैसला र आदेशको भर परेर गर्न हुन्न भन्छन् नेताहरु । तर, माधव नेपाल केपी ओलीविरूद्ध एउटा अन्तिम लडाइँको तयारीमा छन्, पुस ५ पछि उनले ओलीविरूद्ध गरेका मुद्दा मामिला र अड्डा–अदालत धाउने प्रक्रिया अब सम्भवतः टुंगिनेछ । अदालतले माधव नेपालकै मागबमोजिम आदेश दिएछ र नेपालले जेठ २ को केन्द्रीय कमिटीमा ओली पक्षबाट केही सदस्य तानेर बहुमत नै जुटाएछन् भने पनि नेकपाको अध्यक्षबाट ओलीलाई हटाएजस्तो एमालेको विधानले केन्द्रीय कमिटीको बहुमतले अध्यक्ष हटाउने व्यवस्था गरेको छैन । राष्ट्रिय प्रतिनिधि परिषद्को दुई तिहाई बहुमतले केन्द्रीय कमिटीका एक तिहाई सदस्यलाई हटाउन वा कारवाही गर्न सक्ने भनेको छ तर त्यो पनि सम्भव छैन । तर पनि राजनीतिकरूपमा नेपाल अहिलेभन्दा सुरक्षित हुनेछन् र बहुमतबाट निर्णय गराउन सक्ने ठाउँमा पुगिन्छ भन्ने लागेको हुनसक्छ । नेपाल प्रेसबाट

# दक्षिण कोरियामा चौथो वेभ : अहिलेसम्मकै बढी संक्रमित

रासस/सिन्ह्वा/सोल

कोरोना भाइरस कोभिड–१९ को चौथो वेभ देखिएको भनिएको दक्षिण कोरियामा कोभिड–१९का अहिलेसम्मकै सबैभन्दा धेरै संक्रमित भेटिएका बताइएको छ। यहाँका अधिकारीले मंगलबार यहाँ धेरैजना कोरोना भाइरसका संक्रमित बढिरहेको बताएका समाचारमा जनाइएको छ। दक्षिण कोरियाका अधिकारीले दिएको जानकारीअनुसार यहाँ गएको २४ घन्टायताको तथ्याङ्क हेर्दा कोभिड–१९ का संक्रमित एकै दिनमा अहिलेसम्मकै सबैभन्दा धेरै संख्यामा भेटिएका छन् ।

दक्षिण कोरियाको राजधानी सोलबाट प्राप्त समाचारअनुसार यहाँ पछिल्लो समयमा राजधानी सोल महानगरपालिका क्षेत्रमा नै धेरै संक्रमित पाइएको बताइएको छ। यहाँका स्वास्थ्य क्षेत्रका अधिकारीले दिएको जानकारी अनुसार गएको २४ घन्टा यता मात्र एक हजार ७८४ जना कोभिडका संक्रमित भेटिएका हुन् । दक्षिण कोरियाका अधिकारीले दिएको जानकारीअनुसार यहाँ गएको छ महिनापछि एकै पटक यतिधेरै संख्याका संक्रमित पहिलो पटक देखिएका हुन् ।

यहाँका अधिकारीले दक्षिण कोरियामा गएको हप्तादेखि निरन्तररूपमा संक्रमित बढ्दै गएको पनि बताएका हुन् ।

उनीहरूका अनुसार दक्षिण कोरिया कोभिड संक्रमणको चौथो वेभमा प्रवेश गरेको छ । जसका कारण यहाँको सरकारले स्वास्थ्य मापदण्ड अपनाउने काममा कडाइ गरेको छ । योसँगै दक्षिण कोरियामा कोभिडका संक्रमितको संख्या एक लाख ८२ हजार ७२२ जना पुगेको बताइएको छ। यहाँ पछिल्ला केही हप्ता यतादेखि कोभिडका संक्रमितको संख्या बढ्दो देखिएको हो । अधिकारीले यही जुलाई १ देखि देशैभर देखिएको संक्रमितको संख्या देशव्यापी तथ्यांकको हिसाब गर्दा अघिल्ला तीन हप्ताको तुलनामा हाल त्यहाँ संक्रमित कम्तीमा पनि ५६ प्रतिशत बढेका छन् ।

यसरी प्रत्येकदिन संख्या बढ्दै गएका कारण पनि दुई हप्ता अघि नै यहाँका स्वास्थ्य अधिकारीले दक्षिण कोरिया कोरोना महामारीको चौथो चरणमा प्रवेश गरेको बताएका थिए । मंगलबार देखिएका यी संक्रमतिमा आधाभन्दा बढी राजधानी सोलकै रहेका पाइएको छ । कोरिया सरकारले यहाँ कोरोना विरूद्धको खोपको अभियानलाई ब्यापक बनाइएको जनाएको छ । पछिल्लो समयमा सङ्क्रमितको संख्या बढ्दै गएपछि खोप अभियानलाई झन् तीव्र बनाइएको छ ।


**स्वास्थ्य परीक्षण सम्बन्धी खुसीको खबर !!!**

**साउन १६ गते शनिबार**

- काठमाडौ अल्का हस्पिटलका वरिष्ठ **बाथ रोग तथा युरिक एसिड रोग विशेषज्ञ डा. अभिलाशा शाहा**द्वारा स्वास्थ्य परीक्षण गरिने हुँदा रोगसंग सम्बन्धित विराकीहरूले समस्या समाधानका लागि यथाशिघ्र सम्पर्क राखि सेवा लिनुहुन जानकारी गराइन्छ।

**बाथ रोगका लक्षणहरू :**

१) साना तथा ठुला जोर्नीहरू दुख्ने, सुनिने, कक्रक्क पार्ने ।
२) आरामको समयमा ढाड, जोर्नी बढी दुख्ने ।
३) बिहानको समयमा शरीर अरठ्ठ हुने ४) मांसपेशी दुख्ने, गल्ने
५) थकाई बढी लाग्ने । ६) बारम्बार गर्भधारण समस्या आउने ।
७) घाममा अनुहार बढी रातो हुने वा पोल्ने ।
८) कपाल बढी झर्ने ९) मुख भित्र बारम्बार घाउ आउने ।
१०) चिसोमा औंलाहरू निलो, सेतो हुने ।
११) खुट्टाको बुढी औंला वरिपरि रातो भएर दुख्ने ।
१२) कुर्कुच्चा मोल्ने, दुख्ने । १३) मांशपेशी कमजोर हुने ।
१४) लामो समयसम्म ज्वरो आउने ।
१५) खकारमा रातो रगत देखा पर्ने । १६) आँखा बारम्बार रातो हुने

**साथै :**

- पोखरा मेट्रोसिटी हस्पिटलका वरिष्ठ **नाक, कान घाँटी रोग विशेषज्ञ डा. निरज के.सी.द्वारा स्वास्थ्य परीक्षण गरिने हुँदा रोगसंग सम्बन्धितले सम्पर्क गर्नुहोला ।**

**हाम्रा उपलब्ध सेवाहरू :**

दैनिक मेडिकल अफिसर **डा. हेमन्त श्रेष्ठ**द्वारा बिरामीको स्वास्थय परीक्षण गरिन्छ । प्याथोलोजी(Lab) जस्तै sugar fasting, PP, thyroid, Hba1c , RFT, LFT, Lipid profile, रगत सम्बन्धी सम्पुर्ण जाँच । Vedio x-ray सेवा, ECG सेवा, घाउ Dressing, Suturing सेवा, गुणस्तरीय फार्मेसी सेवा दिनुको साथै Regular खाने सुगर, प्रेशर, मुटु, मानसिकका औषधीहरू पनि बिक्रीवितरण गरिएको छ।

**सामाजिक दुरी कायम गरी उपचार गरिने छ ।**

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.**

व्यास-२, दमौली तनहुँ। फोन : ०६५-५६४५७८, ९८४६०६२४६५



**के तपाई आँखा परिक्षण र चस्माको खोजीमा हुनुहुन्छ ? अब हामीलाई सम्झनुहोस ।**

**Dr. Sanjeev Adhikari**
**दृष्टि रोग विशेषज्ञ**

**Damauli Eye Care Center Pvt. Ltd.**

Vyas-2, Ganeshman Chowk, Damauli, Tanahun
Mbl no : 9841969007, 9846140073

**हाम्रा सेवाहरू :**

१. आधुनिक प्रविधिद्वारा आँखा परिक्षण २. मोतिया विन्दुको जाँच तथा उपचार
३. आँखा धमिलो हुने, आँखा पाकेको, मासु पलाएको, आँखाबाट आँसु बगिरहने रोगहरूको उपचार
४. डेढो आँखाको विशेष जाँच तथा उपचार ५. जलविन्दुको जाँच तथा उपचार
६. मधुमेह तथा उच्च रक्तचाप भएका व्यक्तिहरूको विशेष आँखा परिक्षण
७. सबै किसिमको Contact Lens को सुविधा
८. कृत्रिम आँखा राखिने ९. अल्छि आँखाको भिजन थेरापी गराईने
१०. कम्प्युटर चलाउँदा लगाउने चस्मा उपलब्ध ११. Pragressive चस्म उपलब्ध

**नोट : ५ वर्ष मुनिका तथा ७० वर्ष माथिका वृद्धवृद्धालाई निःशुल्क आँखा परिक्षण गराइन्छ**



के तपाई अण्डा, चल्ला, दानाको खोजीमा हुनुहुन्छ भने **अब हामीलाई सम्झनुहोस**

**प्रो. मान बहादुर श्रेष्ठ**



**दियालो स्टोर्स एण्ड अण्डा सप्लायर्स**

व्यास-४, बागबजार, दमौली, तनहुँ ।
फोन : ०६५-५६४२८२, ९८५६०६०२६१, ९८४६०९१२६२



**पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।**

**सम्पर्क : ०६५-५६०९०७**

E-mail : bhanjyangdml@gmail.com,
www.bhanjyangnews.com




# प्रदेश सरकारबाट विभिन्न योजनाका लागि बजेट

**भञ्ज्याङ समाचारदाता**/दमौली

गण्डकी प्रदेश सरकारमार्फत तनहुँ जिल्लाका विभिन्न ठाउँमा योजना सञ्चालनका लागि बजेट विनियोजन भएको छ । सडक पुल, मोटरमार्ग, खानेपानी, भवन, सिँचाइ लगायतका योजनामा प्रदेश सरकारले बजेट विनियोजन गरेको हो। पूर्वमन्त्री एवं गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर चुमानको निर्वाचन क्षेत्र तनहुँ १(ख) अन्तर्गत बन्दीपुर, आँबुखैरेनी र देवघाट गाउँपालिकामा सडक पुल, खानेपानी, मोटरमार्ग, खानेपानी, सिँचाइ लगायतका योजना सञ्चालन हुने उहाँको सचिवालयले जानकारी दिएको छ ।

आँबुखैरेनी–छिम्केश्वरी हिलेखर्क बाहुनभञ्ज्याङ (छिम्केश्वरी पर्यटन मार्ग) का लागि रू ६ करोड २५ हजार, दासढुङ्गा देउपुर मार्ग (देवघाट गाउँपालिका केन्द्र जोड्ने) का लागि रू ६ करोड, सेतीनदी सडक पुल ङ्नाल्दीघाटका लागि रू तीन करोड, सेती नदी सडक पुल मास्दीघाटका लागि रू एक करोड ८७ लाख ५० हजार, बुद्धसिं मार्गका लागि रू एक करोड, बुद्धसिं मार्ग लाङ्दीखोला सडकपुलका लागि रू ५० लाख, शालिग्राम करिडोरको बञ्चरेभिर सडक स्तरोन्नतिका लागि रू ५० लाख विनियोजन भएको छ। त्यस्तै ढकालटार चक्रपथका लागि रू ४० लाख र खहरेखोला सडक पुलका लागि रू ४० लाख विनियोजन भएको छ । व्यास–१ र १३ जोड्ने छाब्दीखोला मोटरेबल पुलका लागि रू ३० लाख, बेलघारी छाब्दीमार्गका लागि रू ३० लाख, समस्तीपुर यानचोक झोलुङ्गेपुलका रू ३० लाख, हिलेखर्क खौली प्युघर मार्गका लागि रू २५ लाख, जालभञ्ज्याङ सडक स्तरोन्नतिका लागि रू २० लाख, गोहोरो लोही कल्चोक सडकका लागि रू २० लाख तथा पार्लङ झोलुङ्गेपुलका लागि रू १५ लाख विनियोजन भएको छ ।

त्यस्तै तल्लो डुम्रेबाट भानु जोड्ने चुँदीखोला मोटरपुलका लागि रू दश लाख, व्यास–१, १२ र १३ जोड्ने भड्खाला छाब्दीखोला मोटरपुलका लागि रू दश लाख, निर्मलनगर टोलभित्रको बाटो पक्की नाला निर्माणका लागि रू दश




लाख, कालीमाटी गोहीटार भुवनटार मार्गका लागि रू दश लाख, पृथ्वीराजमार्ग मुसेखोला हुँदै भद्रुडाँडा चारकुने ठूलोगाउँ, निर्मलनगर हुँदै छाब्दी दोभान जोड्ने मार्गका लागि रू दश लाख विनियोजन भएको छ। आबुखैरेनी–१ हुँदै बन्दीपुर–५ झारगाउँ मोटरमार्गका लागि रू सात लाख, लाब्दी घुमाउने मोटरमार्गका लागि रू सात लाख, बेनीकोट सुन्तलामार्गका लागि रू पाँच लाख र खुदिखोले कटसेरह पक्की पुलका लागि रू ३० लाख विनियोजन भएको छ ।

खानेपानीतर्फ विमलनगर चिसोडिहीका लागि रू ५५ लाख, कुवादीखोलाका लागि रू ५० लाख, छाब्दी दोभान बोरिङ लिफ्ट भञ्ज्याङका लागि रू ४५ लाख, आँधीमूल सत्रसयफाँटका लागि रू ४० लाख, कालीखोला बरादी खानेपानीका लागि रू ४० लाख, भुडाटारका लागि रू ३५ लाख, देवघाट–४ कोटा १, ३, ५ र ६ का लागि ३५ लाख, मिलनचोक जरेबरका लागि रू ३० लाख, डुडेबासपानी, बसेनी, काफलस्वारा खानेपानी आयोजनाका लागि रू ३० लाख, चिलाउनेपानी खानेपानी आयोजनाका लागि रू २५ लाख, रामकोट लिफ्ट खानेपानीका लागि रू २५ लाख विनियोजन भएको छ।

त्यसैगरी कोटबैदी खानेपानी आयोजनाका लागि रू २० लाख, कोटधाम सोलार लिफ्टका लागि रू२० लाख, हुस्लाकोट खानेपानीका लागि रू २० लाख, केउरानी मजुवाडाँडा (लिफ्टिङ) का लागि रू१५ लाख, लुङ्गेली खानेपानीका लागि रू १५ लाख, आधीमूल खानेपानीका लागि रू १२ लाख विनियोजन भएको छ । त्यस्तै लाब्दीखोलाका लागि रू दश लाख, नयाँपुल डिपबोरिङ खानेपानीका लागि रू दश लाख, थुम्कीडाँडाका लागि रू दश लाख, पोखरीभञ्ज्याङ चापखोला कमेरे खानेपानीका लागि रू आठ लाख, कुवादीखोला बृहत् खानेपानीका लागि रू आठ लाख परेको छ । बद्रीनारायण मन्दिर खानेपानी योजनाका लागि रू पाँच लाख, दूधेपानी आसिस गैरा लिफ्ट योजनाका लागि रू पाँच लाख, मार्कीचोक खानेपानीका लागि रू पाँच लाख, हिलेखर्क खानेपानीका लागि रू पाँच लाख, फुस्रेपानी लिफ्टका लागि रू पाँच लाख, सारघाट खानेपानीका लागि रू पाँच लाख, देउरानी पहरेपानीका लागि रू चार लाख, बेलौतीगैरा खानेपानीका लागि रू चार लाख, पार्चे खानेपानीका लागि रू दुई लाख, सिमलटार खानेपानीका लागि रू दुई लाख विनियोजन भएको छ।

सिँचाइतर्फ बेसारघारी सिँचाइ आयोजनाका लागि रू ८० लाख, कोलपाटा लिफ्ट सिँचाइ योजनाका लागि रू ३० लाख, झप्रीफाँट सिँचाइका लागि रू २५ लाख, आँपटार सिँचाइका लागि रू २५ लाख, कालिकाटार सिँचाइका लागि रू २० लाख, छाब्दीफाँट एकीकृत सिँचाइ योजनाका लागि रू २० लाख, पचपन्ने सिँचाइ योजनाका लागि रू १५ लाख र आँधीमूल सत्रसयफाँट सिँचाइ योजनाका लागि रू पाँच लाख विनियोजन गरिएको छ ।

भवन, मन्दिरतर्फ मनकामना आमा समूहको भवनका लागि रू १५ लाख, शुभ लाङ्घाली आमा समूहको निर्माणाधीन भवनका लागि रू दश लाख, सिर्जना दलित वर्ग महिला उत्थान समूहको भवनका लागि रू १२ लाख, ज्येष्ठ नागरिक आश्रमको स्तरोन्नतिका लागि रू दश लाख परेको छ । सिर्जनशील टोल भवन निर्माणका लागि रू सात लाख, खड्गदेवी आमा समूह भवन मर्मतका लागि रू पाँच लाख, रानीथान मन्दिर गुरुयोजना निर्माणका लागि रू पाँच लाख, विश्वकर्मा सामुदायिक भवनका लागि रू पाँच लाख विनियोजन गरिएको छ ।

ससर्त, विशेष र समपूरकतर्फ साउने फुस्रेपनी कर्ताप मोटरमार्गका लागि रू एक करोड, भुमर्से बोरिङ खानेपानीका लागि रू ५० लाख, बाङ्गेसिमल खानेपानी योजनाका लागि रू ५० लाख, लिफ्टिङ प्रणाली सिँचाइका लागि रू ५० लाख र लिफ्टिङ प्रणाली सिँचाइ योजनाका लागि रू ५० लाख विनियोजन भएको छ ।

यसैगरी पूर्वमन्त्री एवं प्रदेशसभा सदस्य आशा कोइरालाको निर्वाचन क्षेत्र तनहुँ २(क) मा ७१ योजनाका लागि बजेट विनियोजन गरिएको छ। मोटरेबल पुल, झोलुङ्गे पुल, कजवेका दश, सडकका १२, खानेपानीका ३१ र भवन, पार्क र खेलमैदानका ११ योजनाका लागि बजेट विनियोजन भएको छ । सडक निर्माण तथा स्तरोन्नतिका लागि रू आठ करोड २१ लाखका योजना परेको छ । उक्त बजेटबाट १२ सडकको काम हुनेछ । दुलेगौडा हर्कपुर मोटर मार्गको स्तरोन्नतिका लागि मात्रै रू चार करोड ५० लाख विनियोजन भएको छ ।

सिचाइँका लागि रू सात करोड १३ लाख, खानेपानीका लागि रू चार करोड पाँच लाख ६० हजार, भवन, खेलमैदान र पार्कका लागि रू एक करोड दुई लाख विनियोजन भएको छ । जनता आवास कार्यक्रमअन्तर्गत सम्झौता भएर निर्माण भइरहेको १५६ घरका लागि पनि रू एक करोड ५७ लाख विनियोजन भएको छ । शुक्लागण्डकी नगरपालिका–५ बेलचौतारामा निर्माणाधीन कृषि उपज संकलन केन्द्रका लागि रू ५० लाख, शुक्लागण्डकी नगरपालिका–८ ढोरफिर्दीमा निर्माणाधीन कोल्ड स्टोरका लागि रू ५० लाख र शुक्लागण्डकी स्याटेलाइट सिटी निर्माणका लागि रू ५० लाख विनियोजन भएको कोइरालाले जानकारी दिनुभयो ।

# बन्धकी खेतमा सामूहिक .....

समुदायलाई सामूहिक खेतीमा सहभागी गराउन सार्वजनिक सूचना टाँस गरेर निवेदन आह्वान गरिन्छ । निवेदन पेश गरिसकेपछि वन समूहले न्यून आय भएका उपभोक्ता छनोट गर्छ। खेती गर्नका लागि उपभोक्ताले रू ५० को निवेदन र धरौटीवापत रू एक हजार जम्मा गर्नुपर्ने प्रावधान बनाइएको छ। "छनोट भएर बीचैमा नछाडुन् भन्नका लागि धरौटी राखिएको हो, पछि उपभोक्तालाई नै त्यो रकम फिर्ता गर्छौं", खनालले भन्नुभयो ।

उक्त सामुदायिक वनमा २८५ उपभोक्ता आबद्ध छन् । तीमध्ये राममाया सुनार, टेकबहादुर कामी, उमा सुनार, कुसु सुनार, मनी परियार, भावना सुनार, मनु आले, गुनीमाया बाचेलगायतले यो वर्ष सामूहिक खेती गरेका छन्। "प्रत्येक एक/एक वर्षमा खेती गर्नका लागि निवेदन माग्छौं, एकपटक गरेकाले अर्कोपटक गर्दिनँ भन्न पनि पाउँछ, त्यस्तो भएको खण्डमा अर्को उपभोक्ताले मौका पाउँछ", उहाँले भन्नुभयो, "नभए उही उपभोक्ता दोहोरिन पनि सक्छ।" स्थानीयवासी राममाया सुनारले आफ्नो खेतबारी नभएकाले सामूहिक खेती गर्न पाउँदा सहज भएको बताउनुभयो। "खेतीपाती गर्नलाई खेत छैन, वनले उपलब्ध गराइएको खेतमा खेती गरेर उत्पादन लिएका छौँ, जीविकोपाजर्नका लागि सहयोग पुगेको छ", सुनारले भन्नुभयो ।

सबडिभिजन वन कार्यालय म्याग्देका प्रमुख मनोज रानाभाटले बन्धकीमा खेत खरिद गरी सामूहिक खेती गरिएको तनहुँमै पहिलो र नमूना कार्यक्रम भएको बताउनुभयो। "सामुदायिक वनले आम्दानीको ३५ प्रतिशत रकम उपभोक्ताको आयआर्जनमा खर्च गर्नुपर्ने प्रावधान छ, सोहीबमोजिम यो सामुदायिक वनले नमूना कार्य गरेको छ", रानाभाटले भन्नुभयो, "यसले वनका विपन्न समुदायको आयआर्जनमा सघाएको छ ।" उहाँका अनुसार यहाँबाट उत्पादन हुने धानले सानो परिवारका लागि चामल किन्न पर्दैन। "ज्यालादारी गरेर जीविकोपार्जन गर्ने उपभोक्तालाई यसले ठूलो राहत मिलेको छ", रानाभाटले भन्नुभयो । वनमा आबद्ध उपभोक्तालाई समृद्धितर्फ उन्मुख गराउने यो नमूना कार्य भएको रानाभाटले बताउनुभयो।



**सिर्जु शाह**
twitter.com/srijushah
कहिलेकाही कसैका शब्दहरू जिन्दगी सँग मेल खान्छन्, हुन त शब्दहरू कि भोगेर लेखिन्छन् कि त काल्पनिक हुन्छन् ! तर केही काल्पनिक शब्दहरू भबिस्यमा गएर ठ्याक्कै मेल खाँदो रहेछ । त्यसैले त बाँदरहरूको कल्पना गर्नु भन्दा भगवान् कै कल्पना गर्नु बेस हुने रैछ



**मदन कुमार**
twitter.com/Madankkharel
हामी नेपालीको गलत संस्कार र प्रवृत्ति जसको परिणाम संधै आफैंले भोगिरहेका छौं : राम्रो योग्य मान्छे हैन हाम्रो मान्छे रोज्छौं योग्यता र क्षमता चाकरीमा विश्वाश राख्छौं । झुट, छलछाममा धेरैले विश्वास राख्छौ श्रममा भन्दा बढी गफमा विश्वास गर्छौं ।



**प्रिती श्रेष्ठ**
twitter.com/prityshrestha01
जिन्दगी एक सुन्दर यात्रा हो । आरामसँग चल्न दिनुपर्छ । सहि र राम्रो सोच राख्यौं भने जीवनमा पछुताउँनु पर्दैन। राम्रो नराम्रो समय त आइ नै रहन्छ। बस तेसै अनुसार आफुलाई बदल्न सक्नुपर्छ।



**बिन्दु सिन्जाली मगर**
twitter.com/MgrBindu165
यदि खेतमा बाली लगाइएन भने प्रकृतिले त्यसमा घाँस उब्जाईदिन्छ, ठिक त्यसै गरी यदि दिमागमा सकारात्मक सोच भएन भने नकारात्मक सोचले आफ्नो ठाउ बनाईदिन्छ ।

# पृथ्वीराजमार्गको दुलेगौंडा-कोत्रे .......

बढाउन निर्देशन दिएको बताए ।

'बर्षात्को पानीले तनहुँ जिल्लाका विभिन्न भागहरू क्षतविच्छेद बनाएको छ, पृथ्वीराजमार्ग पनि अत्यन्त नाजुक बनेको छ । राजमार्गको विषयमा धेरै गुनासोहरू पनि आएका छन्। यसरी मुख्य राजमार्ग धेरैबेर अवरूद्ध हुने गरी राख्नुहुन्न भनेर सडकका प्रमुखलाई तुरून्तै काम गर्न भनेको छु', प्रमुख वाग्लेले भने, 'आज र भोलि (साउन ५ र ६ गते)सम्म केही सुधार हुन्छ । राजमार्गमा हुने कालोपत्रेको दीगोपनका विषयमा पनि चासो राखिने र कोत्रे हलेदी क्षेत्रमा रहेका क्रसर उद्योगबाट पानी चुहाउँदै गुड्ने ट्रिपरहरूको निग्रानीका लागि प्रहरी प्रशासनलाई निर्देशन दिएका छौ ।'

यता, सडक डिभिजन कार्यालय दमौलीका प्रमुख अमितकुमार श्रेष्ठले पानीको उचित निकास हुन नसक्दा कोत्रेदेखि दुलेगौंडासम्मको सडक खण्ड बिग्रने गरेको बताउँछन् । अहिले कालोपत्रे गर्नका लागि मौसम अनुकुल नभएकाले तत्काललाई आवतजावत गर्न सहज बनाउने गरी दुईदिन भित्र (साउन ५ र ६ गते)मा मर्मत सुधार गर्ने प्रतिवद्धता जनाए । उनले भने 'पानीलाई व्यवस्थित रूपमा कटाउन तलतिरै पठाउनुपर्छ, तर सडकको तल्लो भागमा बस्ती र क्रसर रहेकाले स्थानीयवासीले तल पानी कटाउन नदिदा समस्या आएको छ । अहिले बर्खायामको समय भएकाले नयाँ कालोपत्रे गर्ने अवस्था र मौसम पनि छैन । हामीले आजैदेखि तत्कालै पानीलाई कटाउने, ग्राबेलहरू भरेर खाल्टाखुल्टी हटाउने काम गरेका छौ ।'

यस्तै, पृथ्वीराजमार्गलाई छिट्टै चार लेनको बनाउन एडीबीले ठेक्का सम्झौताको काम अगाडी बढाइसकेकाले अब दीर्घकालिन रूपमा राजमार्गको समस्या समाधान हुने प्रमुख श्रेष्ठले विश्वास व्यक्त गरे । श्रेष्ठका अनुसार खाल्डाखुल्टी पुर्ने काम भए पनि एकदुई दिनमा फेरि उहि समस्या दोहोरिने देखिन्छ। खाल्टो पुरेपछि सडक झनै हिलाम्मे भएको छ भने साना सवारी साधनहरू गड्न थालेका छन् । यस मार्गलाई दीगो रूपमा व्यवस्थित गराउन सबैभन्दा पहिले नालाको उचित व्यवस्थान गर्नुपर्ने देखिन्छ । यसका लागि सडक डिभिजनको सक्रियता, स्थानीयवासीको सहयोग तथा ठेकेदार र इन्जिनियरले इमान्दारीताको साथ काम गर्नुपर्ने हुन्छ ।



पृथ्वीराजमार्ग अन्तर्गत तनहुँको दुलेगौंडा-कोत्रे सडक खण्ड स्थित शुक्लागण्डकी नगरपालिका-२ को हलेदीमा खाल्टैखाल्टो बनेको सडक।
*तस्विर : राजकुमार आले/भञ्ज्याङ*




**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६०९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४